नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

## वोलपत्र सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मितिः-२०७१।१०।०९)

यस अस्पतालको बृद्धवृद्धा वार्डको लागि आवश्यक औषधीहरु बोलपत्रको माध्यमबाट खरीद कार्य गर्नुपर्ने भएकोले ईच्छुक सप्लाई गर्न ईजाजत प्राप्त सप्लायर्स एवं विक्रेताहरुवाट निम्न शर्तहरुको अधिनमा रही रित पूर्वक वोलपत्र यस अस्पतालको Web site http//www.bharatpurhospital.gov.np dowanload गरी खरीद गर्न सकिनेछ ।

**शर्तहरुः**

१. आ.व. २०७०/०७१ का लागि नविकरण भएको इजाजत पत्र दर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न राखि निवेदन दिई यस अस्पतालको Website http//www.bharatpurhospital.gov.np को eProcurement System मा गई TOR download गर्न सकिनेछ । TOR खरीद गर्न सूचना प्रकाशित भएको मितिले ३० औ दिनभित्र रितपूर्वक रु.१५१०।- (पन्ध्रसय दश रुपैया मात्र) (फिर्ता नहुने गरी) यस अस्पतालको रा.बा.बैंक भरतपुरमा रहेको चल्ती खाता नं.९६७ मा जम्मा गरी खरीद गर्न सकिनेछ ।

२. बोलपत्र दर्ता गर्दा जमानत वापत लागत अनुमान रकमको ३% ले हुन आउने रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुर शाखामा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तिमा १२० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ । बोलपत्र स्वीकृत भए पछि ५% वरावरको रकम संझौता गर्नु अगावै धरौटी खातामा जम्मा गर्नुपर्ने वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा एक वर्ष म्याद भएको बैक परफरमेन्स वण्ड पेश गर्नुपर्नेछ ।

३. खरीद भएको बोलपत्र सूचना प्रकाशित भएको मितिले ३१ (एकतीसौ) औ दिनको १२:०० वजे भित्र यस अस्पतालको Website http//www.bharatpurhospital.gov.np को eProcurement System मा गई बैंक भौचर, विडवन्ड, BOQ समेतका कागजात Scan गरी Upload गरीसक्नुपर्नेछ । Upload भएका बोलपत्रहरु ३१(एकतीसौ) दिनको २:०० वजे यस अस्पतालमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्नेछैन । बोलपत्र खरीद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट उक्त कार्य हुनेछ ।

४. बोलपत्रदाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ ।

५. बोलपत्र दाताले कवोल गरेको दरभाउमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्रदाताको धरौटी रकम वा भुक्तानी गर्न बाकि रकमबाट असुल उपर गरिनेछ ।

Medical Superintendent

६. कार्यालयले तयार गरेको लागत अनुमान थपघट हुन सक्नेछ । लागत अनुमान थपघट भएतापनि बोलपत्रदाताले सोही दररेटमा औषधी सप्लाई गर्नुपर्नेछ ।

७) Expiry Date उल्लेख हुने औषधीहरुको Manufacturing Date बाट Expiry Date कम्तिमा ८० प्रतिशत मिति बाँकी हुदा स्टोरमा दाखिला हुनुपर्नेछ । सो भन्दा घटी म्याद भएको औषधीहरु स्वीकार्य हुनेछैन । साथै औषधीहरु WHO-GMP प्रमाणपत्र प्राप्त कम्पनीको हुनुपर्नेछ । साथै प्रमाणपत्र समेत पेश गर्नुपर्नेछ ।

८) सप्लाई गरिने सम्पूर्ण मालसामानहरु उच्च गुणस्तरको हुनपर्नेछ । स्वीकृत प्राप्त औषधी मात्र सप्लाइ गर्नुपर्नेछ । गुणस्तरहिन औषधि स्वीकार्य हुने छैन ।

९) बोलपत्रमा उल्लेखित सामानहरु पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ । खरीद गरिने सामान घटी वढी हुन सक्नेछ । घटी वढी परिमाणको लागि दरभाउमा कुनै परिवर्तन गरिने छैन ।

१०) बोलपत्र दाताले कवोल गरेको दरभाउमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा बोलपत्रमा उल्लेख गरिएको मुल्य भन्दा बढी पर्न गएमा बोलपत्रदाताको धरौटी रकम वा भुक्तानी गर्न वाकि रकमबाट असुल उपर गरिनेछ

११) संझौता गरी मालसामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि पठाइनेछ ।

१२) थप जानकारीको लागि यस अस्पतालमा सर्म्पक राख्न सकिनेछ ।

१३) यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

***तपशिल***

| सि.नं. | ७.नं. | विवरण | बोलपत्र वा दरभाउपत्र | बोलपत्र वा दरभाउपत्र दस्तुर | खरीद गर्ने अन्तिम मिति | दाखिला गर्ने अन्तिम मिति | खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 14/071/072 | बृद्धवृद्धा वार्डको लागि आवश्यक औषधी | बोलपत्र | 1510.00 | 30 औ दिन | 31 औ दिनको १२:०० वजे | 31 औ दिनको 2;00 वजे | |

Medical Superintendent